## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२३ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण:-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु जिल्ला सिरहा, धनगढीमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगाले समेत ६ जना मु.नं (०८०-CR-०१६९) फैसला मिति २०८१/०३/२६ | गैरकानूनी लाभ हानि पुऱ्याइ भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **धनगढीमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगालेको हकमा:** सिरहा जिल्ला, धनगढीमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगालेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा बिगो रु.४,६०,८१०।- (चार लाख साठी हजार आठ सय दश रुपैयाँ) कायम गरी निज प्रतिवादी गोपाल प्रसाद बगालेलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर गरी पाउन मागदावी लिइ विशेष अदालत काठमाण्डौं समक्ष अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।<br>• **धनगढीमाई नगरपालिकाको लेखा अधिकृत पदमा कार्यरत पुरुषोत्तम कुमार प्रसादको हकमा:** सिरहा जिल्ला, धनगढीमाई नगरपालिकाका लेखा अधिकृत पुरुषोत्तम कुमार प्रसादले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा बिगो रु.४,६०,८१०।- (चार लाख साठी हजार आठ सय दश रुपैयाँ) कायम गरी निज प्रतिवादी पुरुषोत्तम कुमार प्रसादलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर गरी पाउन माग दावी लिइ विशेष अदालत काठमाण्डौं समक्ष अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।<br>• **धनगढीमाई नगरपालिकाका तत्कालीन स्वास्थ्य शाखा प्रमुख सुरैत चौधरीको हकमा:** सिरहा जिल्ला, धनगढीमाई नगरपालिकामा तत्कालीन स्वास्थ्य शाखा प्रमुख सुरैत चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा | **फैसला:**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरु:**<br>• प्रतिवादीहरुले औषधि खरिद गर्दा बदनियतपूर्व अस्वाभाविक रुपमा बढी मूल्यमा खरिद गरेको वा दोहोरो बिल भुक्तानी गरेको वा झुट्टा बिलभरपाई पेश गरी भुक्तानी दिए लिएको भन्ने आरोपदाबी ठोस र बस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सक्ने नदेखिएको ।<br>• बिलमा उल्लिखित भुलचुक लिनेदिने व्यवस्था अन्तर्गत प्रतिवादी हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. तथा सो कम्पनीका प्रबन्ध निर्देशक माधव प्रसाद गौतमले रु.१,७७,६२५।- नेपाल सरकारको बेरुजु खाता(राजश्व खातामा)मा अभियोग दर्ता हुनुपूर्व नै जम्मा गरिसकेको भन्ने देखिएको । | • जिल्ला सिरहा, धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगाले, जिन्सी प्रमुख र स्वास्थ्य शाखा प्रमुखसमेतको मिलेमतोमा बिक्रेतासँग मिली सो नगरपालिकामा Drugs खरिद नगरी बिल बनाएर दाखिला नगरी रकम निकासा गरेको भन्ने समेत व्यहोराको उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा सिरहा जिल्ला, धनगढीमाई नगरपालिकाको आ.व. २०७८/०७९ मा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिद गर्न नेपाल सरकारको सःशर्त अनुदान शीर्षकबाट रु.१६,००,०००।- (सोह्र लाख रुपैयाँ) बजेट विनियोजन भएको देखिन्छ । धनगढीमाई नगरपालिकाले आ.व. २०७८/०७९ मा पहिलो पटक औषधि खरिद गर्न मिति २०७८।०६।२५ गते दरभाउपत्र नं. DH-Mun-MED-02-078.079 को e-bidding मार्फत १५ दिने सूचना प्रकाशित गरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मूल्याङ्कन समितिले मूल्याङ्कन गरी सबैभन्दा घटी ७०.३४% कबोल रकम रु.४,७४,६०८।४७ (चार लाख चौहत्तर हजार छ सय आठ रुपैयाँ सड्चालीस पैसा) रहेको हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि. मैतिदेवी, काठमाडौंले पेश गरेको दरभाउपत्र मिति २०७८।०८।०७ गते स्वीकृतको लागि सिफारिस गर्ने निर्णय भएको देखिन्छ । मिति २०७८।०८।१९ गते हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि. काठमाडौंका प्रबन्ध निर्देशक माधव प्रसाद गौतम र धनगढीमाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगालेबीच नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुरैत चौधरीलाई साक्षी खण्डमा राखी मिति २०७८।०८।१९ गते १३ बुँदाको अधिनमा रही सम्झौता भएकोमा सम्झौता बमोजिम धनगढीमाई नगरपालिकाको मिति २०७८।११।१२ गते गो.भौ.नं. १०७ बाट हेल्पिङ्ग हेल्थ पोलिक्लिनिक प्रा.लि.ले पेश गरेको बिलको रकम रु.४,६३,०२०।६५ (चार लाख त्रिसट्ठी हजार बीस रुपैयाँ पैसट्ठी पैसा) मा अग्रिम आयकर रु.६,८२७।-(छ हजार आठ सय सत्ताइस रुपैयाँ) कट्टा गरी बाँकी रकम रु.४,५६,१९३।६५।- (चार लाख छपन्न हजार एक सय त्रियानब्बे रुपैयाँ पैसट्ठी पैसा) सम्बन्धित औषधि आपूर्ति गर्ने फर्मलाई भुक्तानी दिएको देखिदा उक्त औषधी खरिदको निर्णय प्रक्रियामा आरोप पत्रमा प्रतिवादी कायम गरिएका यि प्रतिवादीहरुको विभिन्न तहगत संलग्नता रहेको तथ्य स्थापित भएकै देखिन्छ।<br>• उक्त नगरपालिकाको सोही आ.व. २०७८/०७९ मा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि औषधि खरिदको लागि सोही नेपाल सरकारको सःशर्त अनुदानबाट रु.१६,००,०००/- (सोह्र लाख रुपैयाँ) विनियोजित भएको रकममध्ये पहिलो पटक उपरोक्त अनुसार विद्युतीय सिलबन्दी दरभाउपत्रद्वारा रु.४,६३,०२०।६५/-(चार लाख त्रिसट्ठी हजार बीस रुपैयाँ पैसट्ठी पैसा) को औषधि तथा सर्जिकल सामाग्री खरिद भई बाँकी हुन आएको रकम रु.११,३६,९७९।३५ (एघार लाख छत्तीस हजार नौ सय उन्नासी रुपैयाँ पैंतीस पैसा) मौज्दात रहेकोमा सोही नगरकार्यपालिको कार्यालयको च.नं. १२२ मिति २०७९।०२।१९ गतेको पत्रमार्फत हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि.लाई पहिलो पटक खरिद गरेको दररेटमा औषधि उपलब्ध गराउन भनी पत्राचार गर्दा हाल बजारमा औषधिको बजारभाउ बढेको हुनाले खरिद मूल्य पनि सोही अनुरुप पर्न गएकोले टेण्डर इ-बिडिङ गर्दाको दररेटमा औषधि तथा सर्जिकल सामाग्रीहरू उपलब्ध गराउन नसकिने भएकाले हालको दररेटमा औषधि तथा सर्जिकल सामाग्रीहरू उपलब्ध गराउन सकिने भन्ने समेत व्यहोराको हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि.को पत्र सहित जन सवाल दैनिक पत्रिकामा प्रकाशित Curex Pharmaceuticals Pvt. Ltd. औषधिको दररेटको प्रतिलिपि नगरपालिकामा पत्राचार गरेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१क) मा "यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने ।" देखिएकाले Curex Pharmaceuticals Pvt. Ltd. ले मिति २०७८।०४।१० गते आइतबारको राष्ट्रियस्तरको दैनिक जन सवाल पत्रिकामा २३७ प्रकारका औषधिहरुको मूल्य-सूची प्रकाशन गरेको र |

(1) को देहाय (ङ) र (ञ) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा बिगो रु.४,६०,८१०।- (चार लाख साठी हजार आठ सय दश रुपैयाँ) कायम गरी निज प्रतिवादी सुरैत चौधरीलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर गरी पाउन मागदावी लिइ विशेष अदालत काठमाण्डौं समक्ष अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।

- **धनगढीमाई नगरपालिकाका तत्कालीन जिन्सी शाखा प्रमुख सम्पैत यादवको हकमाः** सिरहा जिल्ला, धनगढीमाई नगरपालिकामा तत्कालीन जिन्सी शाखा प्रमुख सम्पैत यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिम कसुर गरेको पुष्टि भएको हुँदा बिगो रु.४,६०,८१०।- (चार लाख साठी हजार आठ सय दश रुपैयाँ) कायम गरी निज प्रतिवादी सम्पैत यादवलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर गरी पाउन मागदावी लिइ विशेष अदालत काठमाण्डौं समक्ष अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।
- **हेल्पिङ्ग मल्टिपर्पोज प्रा .लि .मैतिदेवी, काठमाडौं तथा उक्त कम्पनीका प्रबन्ध निर्देशक माधव प्रसाद गौतमको हकमा**ः प्रतिवादीहरु हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. मैतिदेवी, काठमाडौं तथा उक्त कम्पनीका प्रबन्ध निर्देशक माधव प्रसाद गौतमले मुख्य कसुरदारहरु गोपाल प्रसाद बगालेसमेतले गरेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिमको कसुरको नगद तथा लाभ प्राप्त गर्ने प्रकृतिको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको कसुर गरेको हुँदा प्रतिवादीहरु हेल्पिङ्ग मल्टिपर्पोज प्रा. लि. मैतिदेवी, काठमाडौं तथा उक्त कम्पनीका प्रबन्ध निर्देशक माधव प्रसाद गौतमलाई मुख्य कसुरदारहरु गोपाल प्रसाद बगालेसमेतलाई दाबी लिइएको बिगो रु.४,६०,८१०।- (चार लाख साठी हजार आठ

उक्त कम्पनीको आधिकारिक बिक्रेता श्री हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. मैतिदेवी, काठमाडौंसँग खरिद गर्न सकिने भनी उक्त प्रकाशित पत्रिकामा उल्लेख भए बमोजिम मिति २०७९।०२।१२ गते टिप्पणी उठान भई मिति २०७९।०२।२६ मा निर्णय गरी गराई श्री हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. मैतिदेवी, काठमाडौंसँग खरिद सम्झौता गर्ने गरी आरोप पत्रको तालिका नं. १ मा विश्लेषण गरिए बमोजिम उक्त पत्रिकामा प्रकाशित औषधिको दररेट भन्दा अस्वाभाविक रुपमा बढी मूल्य तिरी खरिद गर्ने गरी गराई खरिद आदेश तयार गर्ने, जाँच र स्वीकृत गर्नेमा जिन्सी शाखा प्रमुख सम्पैत यादव, स्वास्थ्य शाखा प्रमुख सुरैत चौधरी, प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगालेले दस्तखत गरी गराई खरिद आदेश तथा निर्णय मिति २०७९।०३।०५ गते समेतको खरिद आदेश स्वीकृत गरी गराई सोही बमोजिम हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. मैतिदेवी, काठमाडौंका प्रबन्ध निर्देशक माधव प्रसाद गौतम र धनगढीमाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगाले बीच नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुरैत चौधरीलाई साक्षी खण्डमा राखी मिति २०७९।०३।०६ गते सम्झौता भएको देखिदा अस्वाभाविक रुपमा बढी मूल्य तिरी औषधी खरिद गर्ने गराउने कार्यमा यि प्रतिवादीहरुको सामुहिक संलग्नता तथा मिलेमतो स्पष्ट देखिदा देखिदै उक्त आरोप पत्रको तालिका नं १ मा उल्लेखित औषधीको विवरण तथा मुल्य सुचि समेतको विश्लेषण नगरि प्रतिवादीलाई सफाई हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।

- आ.व. २०७८/०७९ मा हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि. र हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.बाट औषधि खरिद भएको दररेट बीचको अन्तर आरोप पत्रको तालिका नं. १ मा देहाय अनुसार विश्लेषण गरिएको छ।

<u>तालिका नं. १</u>

| सि. नं. | औषधिजन्य सामाग्रीहरुको विवरण | हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि.बाट मिति २०७८।०९। ११ गते E-Bidding बाट खरिद | | हेल्पिङ्ग मल्टिप्रपोज प्रा.लि.बाट मिति २०७९।३। १४ र १७ गते सोझै खरिद | | मिति २०७८।०४।१( गते आइतबारको राष्ट्रियस्तरको जन सवा( पत्रिकामा प्रकाशित मूल्( रु. | | | खरि( दरक( अन्त( | बढी भुक्तानी रकम (रु.) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Quantity | Rate | Quantity | Rate | Pack siz | Pric | Rate | | |
| 1. | Paracetamol tab 500 mg | 8000 | 0.84 | 2000 | 0.99 | 50*10 | 10.0 | 0.20 | 0.79 | 1580.00 |
| 2. | Paracetamol syp 125 mg | 2000 | 12.00 | 100 | 29.90 | 125mg | 25.0 | 25.00 | 4.90 | 490.00 |
| 3. | Ibuprofen tab 400 mg | 15000 | 1.00 | 2000 | 1.99 | 10*10 | 40.0 | - | - | - |
| 4. | Chlorphenirami ne tab 4mg | 15000 | 1.00 | 50000 | 1.50 | 50*10 | 15.0 | 0.30 | 1.20 | 60000.00 |
| 5. | Metronidazole tab 400 mg | 15000 | 1.00 | 5000 | 2.99 | 50*10 | 30.0 | 0.60 | 2.39 | 11950.00 |
| 6. | Metronidazole syp 60 ml. | 396 | 22.00 | 100 | 45.00 | 60ml | 60.0 | - | - | - |
| 7. | Amoxycilin tab 125 mg | 5000 | 0.10 | 1000 | 3.50 | 20*10 | 30.0 | 1.50 | 2.00 | 2000.00 |
| 8. | Amoxycilin tab 250 mg | 5000 | 0.10 | 6000 | 5.00 | 10*10 | 50.0 | - | - | - |

सय दश रुपैयाँ) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांशबमोजिम हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. मैतिदेवी, काठमाडौं तथा उक्त कम्पनीका प्रबन्ध निर्देशक माधव प्रसाद गौतमलाई मुख्य कसूरदार सरह सजाय गरी बिगो असुल उपर गरी पाउन मागदावी लिइ विशेष अदालत काठमाण्डौं समक्ष अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।

**अदालतको फैसला**

- प्रस्तुत मुद्दामा प्रतिवादीहरु उपरको आरोपदाबी पुग्न नसक्ने ठहर गरी प्रतिवादीहरू गोपाल प्रसाद बगाले, पुरुषोत्तम कुमार प्रसाद, सुरैत चौधरी, सम्पैत यादव, हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि .र माधव प्रसाद गौतमले प्रस्तुत मुद्दाको आरोपदाबीबाट सफाइ पाउने ठहर गरी फैसला भएको अवस्था छ ।

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 9. | Amoxycilin cap 500 mg | 17000 | 5.26 | 10000 | 7.99 | 20*10 | 80.0 | 4.00 | 3.9 | 39900.00 |
| 10. | Ciprofloxacin tab 250 mg | 1500 | 0.10 | 6000 | 5.00 | 50*10 | 60.0 | 1.20 | 3.8 | 22800.00 |
| 11. | Ciprofloxacin tab 500 mg | 7000 | 0.10 | 5000 | 7.99 | 10*10 | 80.0 | - | - | - |
| 12. | Sulfamethoxazole tab 960mg | 4000 | 3.00 | 5000 | 7.00 | 10*10 | 60.o | 6.00 | 1.0 | 5000.00 |
| **13.** | **Doxycycline cap 100 mg** | **2000** | **0.10** | **1000** | **7.00** | **पत्रिका बाहेक खरिद** | | | **6.9** | **6900.00** |
| **14.** | **Neomycin Skin oint tab 15mg** | **700** | **18.00** | **100** | **90.00** | **पत्रिका बाहेक खरिद** | | | **72.0** | **7200.00** |
| 15. | Vitamin B Complex | 17000 | 0.70 | 50000 | 5.00 | 20*10 | 50.0 | 2.5 | 2.5 | 125000.00 |
| 16. | Calamine lotion 30 ml | 200 | 13.00 | 150 | 65.00 | 30ml | 40.0 | 40.0 | 25.0 | 3750.00 |
| 17. | Gamma benzene hexa chloride | 200 | 23.00 | 150 | 85.00 | 60ml | 75.0 | 75.0 | 10.0 | 1500.00 |
| 18. | Providone lodine liq.500 ml | 100 | 85.00 | 50 | 400.00 | 500ml | 275 | 275 | 125.0 | 6250.00 |
| **19.** | **Aluminium hydroxide tab 250 mg** | **5000** | **0.70** | **30000** | **3.00** | **पत्रिका बाहेक खरिद** | | | **2.3** | **69000.00** |
| 20. | Ranitidine tab 150 mg | 5000 | 0.68 | 10000 | 2.28 | 25*20 | 60.0 | - | - | - |
| 21. | Hyocine butybromide tab 10mg | 1500 | 6.00 | 1000 | 15.00 | 20*10 | 200 | 10.0 | 5.0 | 5000.00 |
| 22. | Rehydration Solution (ORS) | 10400 | 0.10 | 5000 | 10.00 | sachet | 10 | - | - | - |
| 23. | Banzoic acid & salicyclic 30 gm | 500 | 17.00 | 100 | 90.00 | 30gm | 65 | 65.0 | 25.0 | 2500.00 |
| **24.** | **Dexamethsone inj.2ml (Dexona)** | **100** | **12.00** | **50** | **40.00** | **पत्रिका बाहेक खरिद** | | | **28.0** | **1400.00** |
| 25. | Salbutamol tab 4mg | 8000 | 0.29 | 30000 | 2.00 | 50*10 | 20 | 0.4 | 1.6 | 48000.00 |
| 26 | Silver Sulpha-diazine Cream | 200 | 25.00 | 200 | 90.00 | 15gm | 65 | 65.0 | 25.0 | 5000.00 |
| 27. | Clotrimazole Skin Cream | 500 | 17.00 | 200 | 78.00 | 15gm | 50 | 50.0 | 28.0 | 5600.00 |
| 28. | Albendazole tab 400 mg | 2000 | 0.10 | 10000 | 10.00 | 10*10 | 100 | - | - | - |
| **29.** | **Rectified Sprit bott. 500ml** | **100** | **o.10** | **100** | **300.00** | **पत्रिका बाहेक खरिद** | | | **299.9** | **29990.00** |
| 30. | Calcium Tab | - | - | 5000 | 4.50 | 20*15 | 75 | - | - | - |
| 31. | Ranitidine tab 150 mg सि. नं. 20 थप । | | | 2000 | 1.80 | 25*20 | 60 | - | - | - |
| 32. | Pantoprazole Tab | - | - | 5000 | 7.50 | 20*10 | 80 | - | - | - |

| | |
|---|---|
| जम्माः (पत्रिकामा प्रकाशित मूल्य भन्दा बढी औषधि खरिद १७ प्रकारका र पत्रिकामा प्रकाशित बाहेक सिलबन्दी दरभाउपत्रद्वारा भन्दा बढी मूल्य राखी ५ प्रकारका सि.नं. 1 14, 19, 24 र 29 बद्नियत राखी अस्वभाविक बढी मूल्य तिरी औषधि खरिद गरेको) | NRS.4,60,810.00 (रु.४,६०,८१०।००) |

- अतः- माथि तालिका नं. १ को सि.नं. 1 देखि सि.नं. 32 सम्मका औषधिहरुमध्ये सि.नं. 3, 6, 8, 11, 20, 22, 28, 30, 31 र 32 गरी 10 प्रकारका औषधिहरु पत्रिकामा प्रकाशित दररेट अनुरुप नै खरिद गरेको, सि.नं. 1, 2, 4, 5, 7, 9, 10, 12, 15. 16. 17, 18, 21, 23, 25, 26 र 27 गरी १७ प्रकारका औषधिहरु जनसवाल पत्रिकामा प्रकाशित मूल्यभन्दा बढी मूल्य राखी खरिद गरे गराएको र सि.नं. 13, 14, 19, 24 र 29 गरी ५ प्रकारका औषधिहरु पत्रिकामा प्रकाशित औषधिहरुको मूल्यसूची भन्दा बाहिरको औषधि खरिद गरेको देखिन्छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१क) बमोजिम Curex Pharmaceuticals Pvt. Ltd. ले आ.व. २०७८/०७९ को लागि मिति २०७८।०४।१० गते राष्ट्रियस्तरको दैनिक जनसवाल पत्रिकामा २३७ प्रकारका औषधिहरुको मूल्य-सूची प्रकाशन गरेको मूल्य-सूचीको दररेटमा नबढ्ने गरी उक्त कम्पनीको आधिकारिक बिक्रेता हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.सँग खरिद गर्नुपर्नेमा खरिद गरेका ३२ प्रकारका औषधिहरुमध्ये १७ प्रकारका औषधिहरु उल्लिखित दररेटभन्दा बढी मूल्यमा खरिद गरेको रकम रु.३,४६,३२०।- (तीन लाख छयालीस हजार तीन सय बीस रुपैयाँ) र ५ प्रकारका औषधिहरु पत्रिकामा प्रकाशित औषधिहरुको मूल्यसूची भन्दा बाहिरको औषधिहरु खरिद गरेको देखिन्छ। सोही आर्थिक वर्षमा हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि.बाट मिति २०७८।०९। ११ गते E-Bidding बाट खरिद गरेको मूल्यसूचीलाई आधार मानी उक्त मूल्यसूचीको दररेट भन्दा बढीमा खरिद गरेको रकम रु.१,१४,४९०।- (एक लाख चौध हजार चार सय नब्बे रुपैयाँ) समेत गरी जम्मा रकम रु.४,६०,८१०।- (चार लाख साठी हजार आठ सय दश रुपैयाँ) धनगढीमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगाले, जिन्सी शाखा प्रमुख सम्पैत यादव, स्वास्थ्य शाखा प्रमुख सुरैत चौधरी, लेखा अधिकृत पुरुषोत्तम प्रसाद कुमार र हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि. मैतिदेवी, काठमाडौं तथा उक्त कम्पनीका प्रबन्ध निर्देशक माधव प्रसाद गौतमसमेतको आपसी मिलोमतो तथा योजनामा प्रतिवादीहरुलाई गैरकानूनी लाभ तथा नेपाल सरकार/सार्वजनिक संस्थालाई हानि नोक्सानी पुर्याई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) र (ञ) बमोजिम कसुर गरेको तथ्य प्रमाणित भई रहेको अवस्था मा सो तथ्यलाई नजरअन्दाज गरि प्रतिवादीहरुलाई सफाई दिने ठहर गरि भएको फैसला मिशिल संलग्न प्रमाणहरुको मुल्यांकन तथा विश्लेषणको रोहमा त्रुटीपुर्ण देखिदा बदर भागी छ।
- धनगढीमाई नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गोपाल प्रसाद बगाले, लेखा अधिकृत पुरुषोत्तम कुमार प्रसाद, तत्कालीन स्वास्थ्य शाखा प्रमुख सुरैत चौधरी, जिन्सी शाखा प्रमुख सम्पैत यादव, हेल्पिङ हेल्थ पोलिक्लिनिक प्रा.लि. तथा हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.का प्रबन्ध निर्देशक माधव प्रसाद गौतम ले अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा धनगढीमाई नगरपालिकाको आ.व. २०७८/०७९ मा औषधि खरिदको लागि नेपाल सरकारको सःशर्त अनुदानबाट रु.१६,००,०००।- (सोह्र लाख रुपैयाँ) विनियोजन भएको, सोही अनुरुप दुई पटक औषधि खरिद गरिएको, पहिलो पटक विद्युतीय बोलपत्र आह्वान मार्फत रु.४,६३,०२०।६५ (चार लाख त्रिसठ्ठी हजार बीस रुपैयाँ पैसठ्ठी पैसा) मा र दोस्रो पटक सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (१क) मा आधारित रहेर उत्पादकले आफ्नो औषधिको बिक्री मूल्य राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरेको मूल्यमा सोझै खरिद गर्ने व्यवस्था भएबमोजिम रु.११,२४,०७०।- (एघार लाख चौबीस हजार हजार सत्तरी रुपैयाँ) को औषधि खरिद गरेको, दोस्रो पटक औषधि खरिद गर्दा एउटै सप्लार्यससँग खरिद नगरेको, हेल्पिङ मल्टिपर्पोज प्रा.लि. र हेल्पिङ्ग हेल्थ पोलिकिल्निक फरक-फरक कामको प्रकृति र फरक-फरक प्रबन्धपत्र रहेको देखिएकाले दुवै कम्पनीको एउटै प्रबन्ध निर्देशक रहेकोले भन्दा पनि कामको उद्देश्यले फरक सप्लार्यस रहेको हुदाँ दोस्रो पटक औषधि खरिद गर्दा औषधिको मूल्य-सूची (BOQ) तयार गरी सप्लायर्ससँगको सम्झौतामा भूलवस रकमको परिधि उल्लेख हुन छुट भएको भन्ने समेत बेहोरा उल्लेख गरेतापनि निज प्रतिवादीहरुले जम्मा रु रु.१,७७,६२५।- नेपाल सरकारको बेरुजु खाता(राजश्व खातामा)मा जम्मा

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | गरेको देखिदा उक्त आरोप दावीमा उल्लेख गरेको विगोको आंशिक रकम दाखिला गर्ने कार्यबाट प्रतिवादीहरुको बदनियत पुष्टि भई रहेको देखिदा देखिदै सो प्रमाणको विवेचना नगरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• भ्रष्टाचारजन्य कसूरमा प्रतिवादीको कार्य विरुद्ध दुई किसिमको दायित्व सृजना हुन्छ ।(१) फौजदारी दायित्व जसमा प्रतिवादीले गरेको भ्रष्टचारजन्य कार्यमा हुने कैद र जरिवाना (२) देवानी दायित्व जस अन्तर्गत विगवो भराउने असुल उपर गर्ने दायित्व प्रस्तुत मुद्दामा यि प्रतिवादीले देवानी दायित्व अन्तर्गत विगो रकम पछि दाखिल गरेकै आधारमा फौजदारी दायित्ववाट उन्मुक्ति हुन नसक्ने (ने.का.प.२०७७ अंक १ नि.नं. १०४१५) भनि संयुक्त इजलाशवाट प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा विशेष अदालतवाट भएको उक्त फैसला त्रुर्टिपूर्ण देखिंदा वदर गरी प्रतिवादीहरूलाई आरोपदावी वमोजिम नै कसुरदार ठहर गरी सजाय गरीपाउँ ।अतः माथि विवेचित आधार र कारण समेतबाट विशेष अदालतले गरेको प्रस्तुत फैसला त्रुर्टिपूर्ण देखिएकोले प्रतिवादीहरु गोपाल प्रसाद बगाले, पुरुषोत्तम कुमार प्रसाद, सुरैत चौधरी, सम्पैत यादव, हेल्पिङ्ग मल्टिपर्पोज प्रा.लि.र माधव प्रसाद गौतमको हकमा आरोपदावी वमोजिम नै सजाय गरी पाउन अदालत समक्ष सादर अनुरोध गरिन्छ। |